बागमती प्रदेश सभा
दोस्रो कार्यकाल
छैटौं अधिवेशन
बैठक संख्याः ९
सूचना पत्र -२
(बैठकको कारवाही संक्षिप्त विवरण)

२०८२ जेष्ठ २० गते,मगंलबार

बागमती प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा दिनको १:३६ बजे प्रारम्भ भयो।

त्यसपछि माननीय सभामुखले आजको बैठकमा शुन्य र विशेष समय नरहने व्यहोरा जानकारी गराउनु भयो । तत्पश्चात माननीय सभामुखले माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री सुरजचन्द्र लामिछानेलाई **"प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१"** माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो।

त्यसपछि उक्त छलफलमा निम्न लिखित माननीय सदस्यहरुले भाग लिनुभई उठाउनुभएको प्रश्नको जवाफ माननीय आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले दिनुभयो ।

१.माननीय रत्न प्रसाद ढकाल
२.माननीय सुरेन्द्र राज गोसाई
३.माननीय डा.दिनेशचन्द्र देवकोटा
४.माननीय छिरिङ दोर्जे लामा

तत्पश्चात माननीय सभामुखले **"प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१"** माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

त्यसपछि माननीय सभामुखले **"प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** लाई दफावार छलफलका लागि प्रदेश मामिला समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई प्रस्तुत गर्न माननीय आन्तरिक मामिला तथा कानुन मन्त्रीलाई अनुमति दिनुहुँदा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

त्यसपछि माननीय सभामुखले **"प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक को सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस्"** भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भई उक्त छलफलमा माननीय रत्नप्रसाद ढकालले भाग लिनुभई उठाउनुभएको प्रश्नको जवाफ माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री प्रकाश श्रेष्ठले दिनुभयो ।

त्यसपछि माननीय सभामुखले **"प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गरेको निर्णयको प्रतिवेदन विधेयकको अङ्ग बनोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले पारित भयो ।

तत्पश्चात माननीय सभामुखले **"प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** को दफा २ देखि ३३ सम्मका दफाहरू र अनुसुची १ देखि ३ सम्म विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो ।

त्यसपछि माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुहुँदै उक्त प्रस्तावलई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो।

त्यसपछि माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री प्रकाश श्रेष्ठले "**प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८२**" लाई पारित गरियोस् भनि राख्नुभएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो।

तत्पश्चात माननीय सभामुखले "**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक,२०८१**" को सम्बन्धमा शिक्षा, स्वास्थ्य तथा कृषि समितिको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न माननीय स्वास्थ्य मन्त्री श्री किरण थापा मगरलाई अनुमति दिनुभई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतीले पारित भयो।

त्यसपछि भएको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभई उठाउँनु भएको प्रश्नको जवाफ माननीय स्वास्थ्य मन्त्री किरण थापा मगरले दिनुभयो ।

१. माननीय सुरेन्द्र राज गोसाई

२.माननीय रत्न प्रसाद ढकाल

त्यसपछि माननीय सभामुखले "**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०८२**" को समितिको प्रतिवेदन विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतीले पारित भयो ।

तदुपरान्त माननीय सभामुखले विधेयकको दफा २ देखि ५ सम्मका दफाहरु विधेयकको अङ्ग बनोस् भनि राख्नुभएको प्रस्ताव सर्वसम्मतीले पारित भयो ।

त्यसपछि माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुहुँदै उक्त प्रस्तावलई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो।

तत्पश्चात माननीय सभामुखले "**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक २०८२**" पारित गरियोस् भनि राख्नुभएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतीले पारित भयो ।

त्यसपछि बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयोः-

१.माननीय लक्ष्मण लम्साल

२. माननीय जगन्नाथ थपलिया

३. माननीय अमृता नेपाल

४. माननीय रमेश कुमार महत

५. माननीय सुरेन्द्र राज गोसाई

६. माननीय विन्दु श्रेष्ठ

७. माननीय तिर्थ लामा

८. माननीय लक्ष्मि घिमिरे

९. माननीय सृजना सायजु

१०. माननीय शुष्पा भुजेल न्यौपाने

११. माननीय दिनेश चन्द्र देवकोटा

१२. माननीय गिता काफ्ले

१३. माननीय देवेन्द्र श्रेष्ठ

१४. माननीय केशव प्रसाद पोखरेल

तदन्तर सभाको अर्को बैठक मिति २०८२ साल जेठ २१ गत्ते बुधबार दिनको ११:०० बजे बस्ने गरी यो बैठक दिनको ५:०४ बजे स्थगित भयो।

(रामकुमार पौडेल)
सचिव